सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

दैनिक

# ज्योती जागरण

Jyoti Jagran Daily

जि.प्र.का.पर्सा द. नं. ३०५/०७८/०७९

वर्ष: २ | अंक : १५८ | वि.सं. २०७९ पुस २३ गते शनिबार | 07, 2023 Saturday, JAN | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ


## वीरगञ्ज महानगरको १२ औं नगरपरिषद : असार मसान्तसम्म नक्सा पास गर्न आउनेलाई जरिवाना छुट

वीरगञ्ज, २१ पुस

वीरगञ्ज महानगरपालिकाले इजाजत बेगर निर्माण भएका भौतिक संरचनाको नक्सा पास गर्न चालु आर्थिक वर्षको असार मसान्तसम्म जरिवानामा छुट दिने भएको छ ।

शुक्रबार आयोजित महानगरको १२ औं नगर अधिवेनमा पेश भएको संशोधित आर्थिक ऐन २०७९ ले यस्तो व्यवस्था गरेको हो। नगरसभाबाट पारित संशोधित ऐनले विगतमा नक्सा पास नगरी इजाजत बेगर निर्माण भएका




संचरना चालु आर्थिक वर्षको असार मसान्त भित्र अनुमतिका लागि आएमा नक्सा पास दस्तुरमा लाग्ने सम्पूर्ण जरिवाना छुट दिई नियमित गर्ने व्यवस्था थप गरेको हो ।

यस्तै पछि थपिएका वडाहरु वडा नम्वर १७ देखि ३२ मा निर्माण गरिएका संरचनाहरु अनुमतिका लागि आएमा जरिवाना छुटका साथै भवनको नक्सा डिजाईन गर्न पनि महानगरले प्राविधिक सहायता उपलब्ध गराउने व्यवस्था गरेको छ । महानगरले सबैलाई नक्सा पासको

***बाँकी तेश्रो पृष्ठमा***

## प्रदीप यादवले भने : प्रचण्डलाई विश्वासको मत दिन्छौं, शंका नगर्नुस्

वीरगञ्ज,२२ पुष। जनता समाजवादी पार्टी जसपा नेपालका नेता प्रदीप यादवले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई आफ्नो पार्टीले विश्वासको मत दिँदैन कि भनेर कुनै शंका नगर्न आग्रह गरेका छन् ।

संसद भवनमा बसेको सर्वदलीय बैठकपछि पत्रकारसित कुरा गर्दै उनले भने, 'हामीले प्रचण्डलाई समर्थन गर्र्छौं भनेर राष्ट्रपति महोदयकोमा गएर लिखित रुपमा मत दिने भनेर हस्ताक्षर गरिसकेका छौं, मत दिन्छौं ।



'उनले प्रधानमन्त्री पुष्पकमल दाहालले विश्वासको मत हासिल गर्नेमा ढुक्क रहेको बताए ।

## यात्रुबाट जफत भएको एक करोड मूल्यको मोबाइल लिलामीमा



२२ पुस, काठमाडौं । सरकारले यात्रुबाट जफत भएका १५१ वटा मोबाइल सेट लिलामका लागि राखेको छ । त्रिभुवन विमानस्थल भन्सार कार्यालयले यात्रुले भन्सारको छुट सुविधा मिचेर र कानुनको तोकेकोभन्दा बढी संख्यामा ल्याएको मोबाइल जफत गर्ने गरेको छ ।

ती मोबइल नियमित रुपमा लिलामी गर्ने गरेको कार्यालयको मुद्दा तथा लिलामी शाखाले १८ पुसमा १५१ थान मोबाइल (आइफोनसहित) लिलामीमा राखेको हो ।

न्यूनतम मूल्य ९३ लाख ५४ हजार रुपैयाँ तोकेर लिलामीको सूचना प्रकाशित भएको हो । ३५ थान प्ले स्टेसनमा सामग्री पनि लिलामीमा राखिएको छ ।

गत १३ मंसिरमा पनि कार्यालयले करिब २६ लाख रुपैयाँ मूल्यको २७ थान मोबाइल लिलामीको सूचना प्रकाशित गरेको थियो ।

भन्सार तिर्नुपर्ने तय भएका मोबाइललाई यात्रुले शुल्क तिरेपछि ४५ दिनभित्र जाँचपास गरेर लैजान पाउँछन् । तर, केही यात्रुहरु यस्तो शुल्क तिर्न तयार नभएपछि उनीहरुको फोन लिलामीमा राख्ने गरिएको छ ।

यस्ता फोन लिलामीबाट

***बाँकी तेश्रो पृष्ठमा***

## एमाले-माओवादी गठबन्धन भत्काउन कांग्रेसका केही नेताको दौडधूप



२२ पुस, काठमाडौं । प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका केही नेताले एमाले-माओवादी इतरको गठबन्धन बनाउने प्रयास थालेका छन् । राप्रपाले साथ दिएको अवस्थामा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विश्वासको मत नपाउने र नयाँ समीकरण बन्नसक्ने सम्भावना पनि रहेको यसमा संलग्न नेताहरुको दाबी छ ।

१० पुसमा प्रधानमन्त्री नियुक्त भएका प्रचण्डले २६ पुसमा विश्वासको मत लिने तय भएको छ । कांग्रेसका केही नेताहरुले प्रचण्डलाई विश्वासको मत पाउनबाट रोक्न प्रयास थालेका छन् ।

एक नेताका अनुसार प्रधानमन्त्री प्रचण्डले सपथ लिएकै दिन ११ पुसमा कांग्रेसका केही केन्द्रीय सदस्यहरुबीच लोकतान्त्रिक शक्तिहरुलाई एक ठाउँमा ल्याउन पहल गर्ने छलफल भएको थियो । त्यही छलफलका क्रममा गैरवामपन्थी सरकार बन्न सक्ने हिसाब देखाएपछि नेताहरुले त्यो सन्देश देउवासम्म पनि पुऱ्याएका छन् ।

एक केन्द्रीय सदस्य भन्छन्, 'पाँच दलको गठबन्धन त टिकेन भने खुद्राखाद्री जोडेर कहाँ सम्भव छ भनेर सभापतिज्यूले धेरै रुचि दिनुभएन ।'

## विश्वासको मत लिएपछि टीकापुर घटनाका राजबन्दीहरु छुट्छन : प्रधानमन्त्री

काठमाडौं, पुस २२ । प्रधानमन्त्री पुष्पकमल दाहाल, प्रचण्डले विश्वासको मत लिएपछि टीकापुर घटनाका राजबन्दीहरूलाई रिहाई गर्ने आश्वासन दिनुभएको छ ।

थारू कल्याणकारिणी सभा र थारू आयोगका पदाधिकारीहरूसँगको शुक्रबार भेटवार्तामा प्रचण्डले रेशम चौधरीलगायत राजबन्दीहरूको रिहाईका लागि सरकार सकारात्मक रहेको बताउनु भयो।



सभाका महामन्त्री प्रेमीलाल चौधरीले अघिल्लो सरकारले ल्याएको फौजदारी कानुनसम्बन्धी अध्यादेश प्रमाणीकरण गरेर टीकापुर घटनाका राजबन्दीहरूको रिहाइका लागि प्रधानमन्त्रीको ध्यानाकर्षण गराउनु भएको थियो । त्यस्तै सरकारी निकायहरूमा थारूहरूलाई आरक्षणको व्यवस्था गर्नसमेत माग गरिएको छ। 'प्रधानमन्त्रीज्युले विश्वासको मत लिएपछि टीकापुर घटना र संघीय निजामती ऐनमार्फत् थारू आरक्षणको व्यवस्था गर्ने आश्वासन दिनुभएको छ,' सभाका महामन्त्री चौधरीले भन्नुभयो ।

सभाले लोकसेवा आयोग, विभिन्न सरकारी निकाय र प्रदेश लोकसेवा आयोगविरुद्ध सर्वोच्च अदालतमा मुद्दा लडिरहेको छ। थारू आरक्षणको व्यवस्था नगरेको भन्दै सभाले दुई दर्जन बढी रिट निवेदन दायर गरेको छ। केही रिट निवेदनमा अन्तरिम आदेश पाए पनि त्यसको सुनुवाई नभएको सभाका महामन्त्री चौधरीको भनाइ छ।

यता नागरिक उन्मुक्ति पार्टीले पनि रेशम चौधरीसहित टीकापुर घटनाका राजबन्दीहरूको रिहाइ माग गर्दै आएको छ। सरकारलाई समर्थन जनाए पनि रेशम चौधरीको रिहाइ नभएसम्म सरकारमा सहभागी नहुने नागरिक उन्मुक्तिको अडान छ।

भेटवार्तामा थारू आयोगका तर्फबाट अध्यक्षसहित सदस्यहरू उमाशंकर चौधरी, शान्ति मोदी सहभागी हुनुहुन्थ्यो । सो अवसरमा माओवादी नेता सन्तकुमार थारू, कानुनलाल चौधरीसमेत बैठकमा सहभागी हुनुभएको थियो ।

## मधेश प्रदेशमा पुस २८ भित्र सरकार गठन गर्न आह्वान

जनकपुरधाम, पुस २२ गते ।

मधेश प्रदेशका प्रदेश प्रमुख हरिशंकर मिश्रले सरकार गठनका लागि आह्वान गरेका छन् ।

शुक्रवार प्रदेश प्रमुख मिश्रले नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम सरकार गठनका लागि आह्वान गरेका हुन् ।

प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभाको सदस्यलाई मधेश प्रदेशको मुख्यमन्त्री नियुक्त गर्नका लागि पुस २८ गते विहिवार ४ बजे भित्र दाबी पेस गर्न आह्वान गरेका हुन्




ज्योती जागरण

दैनिकको लागि
प्रकाशक

ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा

कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)

अतिथी सम्पादक : कृष्णा कुशवाहा

विशेष प्रतिनिधी : मुस्तुफा आलम

कानूनी सल्लाहकार : पन्नालाल गुप्ता

कार्यालय : वीरगञ्ज-१३ राधेमाई,

इमेल : news.jyotidainik@gmail.com

मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस

# भद्रगोल नेपाली वामपन्थ

**हरि रोका**

प्रचण्ड कुन तिकडम खेलेर प्रधानमन्त्री भए, पुरानो गठबन्धन किन भत्कियो, ओलीले बाजी मार्न मौकामा कसरी चौका हाने, देउवा चाहिनेभन्दा बाठो भएकाले कसरी तीन बल्ड्याङ खाए, कसले जित्यो र कसले हार्‍यो भन्नेबारे बहस जारी छ ।

बजार गरम छ । तर यो पंक्तिकारका विचारमा, 'उदारवादमा आधारित वामपन्थ' तीन दशकयता अहिले सबैभन्दा बढी संकटग्रस्त छ ।

वामपन्थको ऐतिहासिक उदय

आफूलाई वामपन्थी भनाउने कतिपय नेता-कार्यकर्तालाई 'वामपन्थ' शब्दकै उचित परिभाषा थाहा नभइरहेको अवस्थामा 'उदारवादमा आधारित वामपन्थ' शब्दले झन् उल्झन पैदा गर्न सक्छ । अझ अचेल केही होनहार विश्लेषकहरू वामपन्थ र दक्षिणपन्थबीच केही अन्तर रहेन र रहनु हुन्न भन्ने बहस छेडिरहन्छन् ।

त्यसमाथि आफूलाई वामपन्थी भन्ने ठूला पार्टीहरूका ठूला र मझौला कदका नेताहरू 'राजनीतिमा कोही दीर्घकालीन शत्रु र मित्र हुँदैन' भन्ने दर्शन छाँट्छन्, सोही बमोजिम अराजनीतिक तथा न्यूनतम सहमति पनि नबनाई गठबन्धन बनाएर निर्वाचन लड्छन् अनि पछि निजी र पार्टी स्वार्थका आधारमा सत्ता साझेदारी गर्छन् ।

यस्तो सिद्धान्तहीन क्रियाकलापलाई राजनीतिक भाष्यमा 'दक्षिणपन्थ' भनेर बुझिन्छ । यथार्थमा 'वामपन्थ' र 'दक्षिणपन्थ' शब्दले बोक्ने अर्थ फ्रान्सेली क्रान्तिदेखि नै भिन्न-भिन्न परिवेशमा भिन्न तरिकाले परिभाषित हुँदै आएको छ । जस्तो- फ्रान्सेली क्रान्ति हुनुभन्दा ठीक अघि राजनीति दुई ध्रुवमा विभाजित थियो ।

जस्तो– क्रान्तिको जग तयार हुँदै गर्दा सुरुमै वामपन्थीहरूले राजा-महाराजाको, तिनलाई समर्थन गर्ने सम्भ्रान्त भारदारहरू तथा तिनको भारदारी शासनको विरोध गरेका थिए । त्यो समयका वामपन्थीहरूले उदार पुँजीवादी राजनीतिक संस्था (बुर्जुवाजी इन्स्टिच्युसन) तथा संवैधानिक सरकार (कन्स्टिच्युसनल गभर्नमेन्ट) बनाउन संघर्ष गरे । बेलायती इतिहासकार एरिक हब्सबामका अनुसार, नेपोलियनको समयमा वामपन्थी भन्नेबित्तिकै 'परिवर्तनका लागि पार्टी' (पार्टी अफ चेन्ज) र दक्षिणपन्थी भन्नेबित्तिकै 'राजनीतिक स्थायित्वका लागि पार्टी' (पार्टी अफ स्टाबिलिटी) भनेर चिनिन्थे । अलि पछि वामपन्थीलाई 'पार्टी अफ प्रोग्रेस' र दक्षिणपन्थीलाई 'पार्टी अफ अर्डर' भन्न थालियो ।

उन्नाइसौं शताब्दीको उत्तरार्द्धमा सर्वसाधारण कामदार वर्ग (वर्किङ क्लास) र विभिन्न आर्थिक हैसियत भएका शासक वर्ग (रुलिङ क्लास) बीच कसलाई रोज्ने भन्ने कुरा बलशाली भएर उठ्यो । यस्तो वर्गीय अन्तर्विरोधले गर्दा शासक वर्गविरुद्ध संगठित आन्दोलनमा होमिने वातावरण बन्यो । पेरिस कम्युन त्यसैको उपज थियो ।

बीसौं शताब्दीको सुरुमा वामपन्थीहरूले संवैधानिक सरकार, राजनीतिक लोकतन्त्र र आम सर्वसाधारणको हक-हितका लागि लड्नुपर्ने प्रण दोहोर्‍याए । समाजवादीहरूको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनपछि सुधार कि क्रान्ति, अन्तर्राष्ट्रिय समाजवादी क्रान्ति कि राष्ट्रिय मुक्तिका नाममा युद्ध भन्नेबारे अन्तरविरोध चर्कियो ।

पहिलो विश्वयुद्धपछि मातृभूमिको रक्षार्थ भनेर उभिनेहरू सामाजिक जनवादी (सोसल डेमोक्र्याट) भनेर चिनिए र समाजवादी क्रान्तिका पक्षधरहरूले आफूलाई कम्युनिस्ट पार्टीका नाममा उभ्याए ।

अक्टोबर क्रान्तिपछि समाजवादलाई कसरी संस्थागत गर्ने, अर्थतन्त्रलाई कसरी सामाजिकीकरण गर्ने भन्नेबारे बहस सुरु भयो । त्यसअघि निजी पुँजीको राष्ट्रियकरण गर्नमा लगभग सबै समाजवादीबीच मतैक्य थियो, यद्यपि सामाजिकीकरण कसरी भन्ने विषयमा चाहिँ अलमल देखिन्थ्यो ।

लेनिनकै नेतृत्वमा सन् १९२१ मा न्यु इकोनोमिक पोलिसी तयार पारेर तय गरिएको योजनाबद्ध सामाजिकीकरण अभियान स्टालिनको कार्यकाल सुरु भएदेखि नै पार्टीको प्रशासनीकरण (ब्युरोक्रेटाइजेसन) र योजना निर्माणमा केन्द्रीकरण (सेन्ट्रलाइजेसन अफ प्लानिङ) तर्फ उन्मुख गराइयो ।

यसले गर्दा जनमानसले विकासकार्य तथा प्रतिफलप्राप्तिका निर्णयमा सहभागिता जनाउन सक्ने अवस्था लगभग समाप्त भयो । वास्तवमा त्यसअघिका सबै खाले समाजवादीले आम सर्वसाधारण, किसान तथा मजदुरहरूको निर्णायक सहभागिताको ग्यारेन्टी अनि भुइँतहदेखिकै संगठन बनाउने कुरामा कुनै विमति राखेका थिएनन् ।

यद्यपि तत्कालीन सोभियत संघले शिक्षा, स्वास्थ्य र खाद्य सुरक्षाका क्षेत्रमा राज्यका तर्फबाट गरेको आम ग्यारेन्टी, आवास तथा पूर्वाधार निर्माणमा सहभागितापूर्ण अभियानका कारण पुँजीवादी विश्वमा समेत नयाँ लहर सुरु भएको थियो ।

उदार वामपन्थ भर्सेस मध्यपन्थ

विश्वव्यापी मन्दी (ग्रेट डिप्रेसन, सन् १९२९-३३) पछि बेलायती अर्थशास्त्री जोन मिन्यार्ड किन्सको सैद्धान्तिक तथा कार्यक्रमिक पहलमा मध्यपन्थ (सेन्ट्रिजम) को प्रतिपादन भयो । पछि यो मध्यपन्थलाई कहीं सामाजिक जनवाद त कहीं प्रजातान्त्रिक समाजवाद भन्न थालियो ।

सैद्धान्तिक-वैचारिक हिसाबले यो पुँजीवादमा आधारित लोककल्याणकारी राज्यको परिकल्पना थियो । दुइटा महायुद्धपछि ध्वस्त भएको पुँजीवादी विश्वलाई संयुक्त राज्य अमेरिका लगायतका पश्चिमा पुँजीवादले विभिन्न नाममा स्वीकार गरे ।

जस्तो– 'न्यु-डिल' मार्फत अमेरिकाले र अन्य सामाजिक प्रजातन्त्रमार्फत युरोपले सार्वजनिक शिक्षा, स्वास्थ्य, भूमिसुधार र औद्योगिकीकरण एवं औद्योगिकीकरणमार्फत पूर्ण रोजगारी, खाद्य सुरक्षा लगायतका कार्यक्रमहरू राज्यको दायित्वभित्र पारे ।

प्रगतिशील कर लगाएर जनताबीचको आर्थिक असमानतालाई फैलिनबाट रोकियो । खास गरी स्क्यान्डिनेभियन मुलुकहरूमा यी कार्यक्रमहरू सफलतापूर्वक सम्पन्न गरिए । ती मुलुकहरूले निश्चित हदसम्म अर्थतन्त्रको व्यवस्थापन तथा स्वामित्व दुवै क्षेत्रमा राज्यको हस्तक्षेप बढाए । पुरानो परिभाषा अनुरूप ती सबै कामकारवाही वामपन्थको कार्यक्षेत्रभित्र पर्थे ।

निर्वाचन पद्धतिमार्फत गरिएका यी सुधारात्मक कार्यक्रमलाई 'उदार वामपन्थ' नाम दिइयो । यद्यपि नोर्डिक सोसियल डेमोक्र्याट होऊन् या पूर्वी युरोपेली समाजवादी, सोभियत संघको विघटनपछि आफूलाई लचकदार सामाजिक जनवादको सैद्धान्तिक-वैचारिक धरातलमा उभ्याइरहन सकेनन् ।

एक्काइसौं शताब्दीको सुरुआतसँगै आम निर्वाचनमार्फत ल्याटिन अमेरिकामा वामपन्थी पार्टीहरू दोहोरिएर निर्वाचित भएका छन्, जसलाई लाल (रेड) भनिँदैन कि गुलाबी (पिंक) वामपन्थ भन्ने गरिन्छ ।

संरचनागत परिवर्तनको लक्ष्य अनुरूप सुधार गर्न तम्सिनेहरू लोकप्रिय मतबाट फेरि निर्वाचित भएका छन् । सुधार गर्न नसक्नेहरू पराजित भएका छन् ।

यथार्थमा उत्पादन र वितरणमा आम जनताको निर्णायक सहभागिता नहुँदा वा व्यवस्था गर्न

*बाँकी तेस्रो पृष्ठमा*

# मधेशका आँखामा प्रचण्ड

**चन्द्रकिशोर**

एक समय यस्तो थियो, जब पुष्पकमल दाहाल प्रचण्डले मधेशलाई साँचो अर्थमा नयाँ बिहानीमा पुर्‍याउँछन् भन्ने सबैको आशा थियो । त्यसो हुनुका विशिष्ट कारण थिए । प्रचण्डको नेतृत्वमा नेपालमा आन्तरिक औपनिवेशीकरणका दिन सकिए भन्ने सन्देश गएको थियो ।

उनको नेतृत्वमा उठान गरिएका मुद्दाहरूले गर्दा मधेशले हिजोको तीतो अतीतलाई बिर्सिएको थियो । र उनलाई समर्थन दियो ।

नेतृत्वले व्यापक ऐतिहासिक परिप्रेक्ष्यमा काम गरेको हुन्छ । त्यो ऐतिहासिक परिप्रेक्ष्यलाई नसम्झिने हो भने प्रचण्डप्रति अन्याय हुन जान्छ । प्रत्येक सरकार मधेशलाई एउटा पाठ दिएर जान्छ, प्रत्येक नयाँ सरकार एउटा नयाँ उम्मिद लिएर आउँछ ।

देहातमा भनिन्छ पनि, 'बीति ताहि बिसार दे, आगे की सुध लेय ।' प्रचण्डको सरकार शीतलहरमाझ घाम लिएर झुल्किने हो कि भनी आशा गर्नेहरू कम्ती छैनन् । अर्कातिर, सत्तारोहणका लागि उनले अपनाएको भावभंगिमा देखेपछि 'कुछ नहीं करेगा' भन्नेहरू पनि प्रशस्त देखिएका छन् ।

राम्रो समाजले नै राम्रो देश बनाउँछ । वर्तमान राजनीतिको सबैभन्दा ठूलो संकट के हो भने, विचारबाट टाढिएर फगत चुनाव जित्नुमा सीमित हुँदै गएको छ ।

एउटा चुनाव जितेपछि अर्को चुनाव जित्ने तयारी सुरु भैहाल्छ । संसद् अंकगणितमा अल्झिएको छ । चुनाव जित्न अनेकौं जोडघटाउ गर्नुपर्छ र त्यसबाट उदय हुन्छ– सम्झौतामुखी र 'जुगाडु' नेता ।

प्रचण्डका प्रशंसकहरू 'उनलाई उचित किसिमले प्रयोग र परीक्षण हुने मौका दिइएन' भन्ने तर्क गर्छन् । तर उनीसँग असहमत हुनेहरूको ठाडो जवाफ हुने गर्छ– प्रचण्ड स्वयंमा अन्तरविरोधका धनी हुन् ।

जब संघर्षरत कुनै सिपाही सम्झौता गरेर मूलधारको राजनीतिमा आउँछ, उसका मान्यताहरू झन्झन् समृद्ध र परिपक्व भएका छन् । चाहेका भए प्रचण्डको पनि उत्तरोत्तर विकास सम्भव थियो ।

तर उनको शक्ति तीव्र गतिमा नकारात्मकतामा परिणत हुँदै गएको छ । उनी आफ्नो दल र मूलधारको राजनीतिमा निर्णायक भइरहन चाहन्छन्, त्यसका लागि आफूलाई अन्य पात्र र पंक्तिको समीपमा राखिरहन्छन् । यस्तो भएपछि प्रचण्डलाई अन्य पक्षले आफ्नो अनुकूलमा खेलाउँछन् ।

अहिलेको सरकारलाई कतिपयले 'बाह्र मसाला तेह्र स्वाद' को भनेका छन् । तर यो सरकारको साँचो केपी ओलीको हातमा छ । नाम प्रचण्डको, शासन ओलीको । प्रचण्ड 'किङमेकर' हुनु र अरूको मर्जीमा गद्दीनसीन हुनुमा फरक छ ।

अरूको मर्जीमा गद्दीनसीन हुँदा आफ्नो उच्च प्रेरणाशक्ति र मनोबलबाट भन्दा पनि अर्काको निर्देशनमा हिँड्नुपर्ने हुन्छ । प्रचण्ड यसअघि पनि दुई पटक प्रधानमन्त्री भैसकेका हुन् तर कुनै पनि क्षेत्रमा सिन्को भाँचेनन् । यस पटक उनको सत्तारोहण हुँदा प्रशस्तिगान गर्नेहरू मधेशमा समेत देखिए । तर, त्यो घुरको आगो ताप्न झुम्मिएको जमात हो ।

नेपालको सामाजिक विविधता आधुनिक नेपालको जग हाल्नुअगावैको हो । नेपालको दक्षिणी भूगोलमा मधेशीहरूको बसोबास प्राचीन छ । शासक वर्गले मधेशको भूमि जागिर, बिर्ता, बक्सिस, नजराना, बकस, दान, दाइजो आदिका रूपमा बाँडीचुँडी गर्‍यो । मधेशमा बसोबास कम्पनी, सुकुम्बासी आयोग, बस्ती विकास कम्पनी भित्र्याइए; राजनीतिपीडित, बर्मा-भुटानबाट विस्थापित, भारतबाट धपाइएकाहरू बसाइए ।

तर यहाँका रैथाने बासिन्दाहरूलाई 'असली नेपाली' मानिएन । तिनका भाषा, संस्कृति, भेष, भोजनलाई तिरस्कृत गरियो । त्यसका विरुद्ध, प्रचण्ड नेतृत्वको माओवादी सशस्त्र संघर्षका क्रममा आवाज उठाइयो ।

नेपाली समाजको जातीय, भाषिक, सांस्कृतिक विविधतालाई हिजोसम्मको शासक वर्गले राम्ररी सम्बोधन गर्न सकेन भन्दै प्रचण्डको नेतृत्वमा विभिन्न पहिचानधर्मीका आकांक्षाहरू संघीयताभन्दा कममा सम्बोधन गर्न नसकिने निष्कर्षमा पुगे । संघीयता सबै खाले आकांक्षालाई सम्बोधन गर्न उपयुक्त माध्यम भएको बताए ।

यी कुराहरू दलका दस्तावेजहरूमा राखे, सार्वजनिक भाष्य निर्माण गर्न पार्टी पंक्ति लाग्यो । त्यतिखेर लाग्थ्यो, संघीयता उनका लागि केवल नाराबाजीको विषय हुँदै होइन । प्रचण्ड नेतृत्वको माओवादीले राज्यमा अन्य समुदायको जस्तै मधेशी-थारूहरूको पनि सहज पहुँच स्थापित हुनुपर्ने आवश्यकताबोध गरेको छ ।

आज कतिपयले प्रचण्ड नेतृत्वको सरकारको सामर्थ्य र सम्भाव्यतालाई हेर्नु र यसबीच मधेशसँग सन्तुलनको पनि खोजी गर्नु जरुरी रहेको बताउँदै छन् । सरकारले आउँदा दिनमा मधेशी-थारूहरूका लागि केही गर्ला कि, हेर्न बाँकी छ ।

विगतमा प्रचण्ड आफ्ना अग्रगामी र प्रगतिमुखी अवधारणाप्रति अडिग रहेनन् । उनी मधेशका

*बाँकी तेस्रो पृष्ठमा*

# स्वास्थ्यसेवामा अनैतिक अभ्यास

**प्रा.डा. गणेश गुरुङ**

चिकित्सकले हरेक बिरामीप्रति सहभाव एवं सम्मानभाव राख्नु पर्छ ।

चिकित्सा सेवा प्रयोगात्मक विज्ञान हो। योग्यता, सीप, ज्ञान र अनुभवको आधारमा बिरामीको उपचार गर्ने अधिकार चिकित्सकलाई हुन्छ। उपचार गर्दा जहिल्यै पनि उपचारका विधि, मूल्य, मान्यता र आचारसंहितालाई आत्मसात् गर्नुपर्छ। चिकित्सकको बिरामीको खुसी वा सन्तुष्टिलाई उच्च प्राथमिकता दिनुपर्छ।

व्यावसायिक आचरण नचुकेकै कारण चिकित्सकलाई देवताको नजरमा हेरिन्थ्यो। सेतो कोट लगाएका चिकित्सकको मन पनि सफा र स्वच्छ हुने अपेक्षा राखिन्थ्यो। चिकित्सकलगायतका स्वास्थ्यकर्मीको सेवाभाव पनि निर्मल छ त ?

यो प्रश्न सोध्ने हो भने बिरामीले निधार नखुम्च्याई सहजै जवाफ दिन्छन्। केही चिकित्सकको खराब मनोवृत्तिले गर्दा अधिकांश चिकित्सकहरूले शिर झुकाउनुपर्ने अवस्था सिर्जना भएको छ। त्यसैले चिकित्सा सेवाभित्रको मेडिकल अनैतिक अभ्यास (मालप्राक्टिस)को विषयलाई उठाउँदा कतिपयलाई अपच हुन सक्छ। यद्यपि, पेसागत स्वच्छताको लागि यो विषय उठाउने जमर्को गरिएको छ।

अहिले चिकित्सा सेवामा अहिले मेडिकल मालप्राक्टिस शब्द निकै चर्चा हुन थालेको छ। अंग्रेजी शब्द मेडिकल मालप्राक्टिस भन्नाले चिकित्सा सेवामा हुने अनैतिक अभ्यास हो।

आर्जित ज्ञान, सीप र अनुभवका आधारमा बिरामीको सर्वोत्तम हित चिताउनु पर्छ। तर, यही मूल्य मान्यतालाई चिकित्सकले नजरअन्दाज गरेकै कारण बिरामीहरूको नजर फेरिएको छ। चिकित्सकलाई जुन सम्मानभावका साथ हेरिन्थ्यो। त्यो इतिहास हुन पुग्दै छ।

स्वास्थ्य संस्थाहरूले सामाजिक उत्तरदायित्वको सिद्धान्तलाई अनुसरण गर्नु पर्छ। नीति र नियतमा खोट देखिनु हुँदैन।

चिकित्सासम्बन्धी मुख्यतः दुईवटा आधारभूत सिद्धान्तको पालना गर्नुपर्छ। पहिलो बिरामीलाई उच्च गुणस्तरीय सेवा एवं हेरचाह गर्नु (प्रोफेसनल स्टान्डर्ड अफ केयर) पर्छ।

दोस्रो बिरामीलाई गरिने उपचार पद्धति तथा रणनीतिबारे समयमै प्रस्ट्याउनु (डक्ट्रिन अफ इन्फर्मड कन्सेन्ट) हो। किनकि, आफ्नो शरीरको मालिक बिरामी स्वयं हो। आफ्नो उपचारको बारेमा निर्णय गर्न पाउने बिरामीको हक हो।

त्यसैले उपचारको लागि चिकित्सकले बिरामीको सहमति अनिवार्य रूपमा लिनुपर्छ।

चिकित्सकले हरेक बिरामीप्रति सहभाव एवं सम्मानभाव राख्नुपर्छ। कुनै पद, ओहोदा, पेसा, जात वा धर्मका कारणले उपचारमा विभेद गर्नु हुँदैन। धनी होस् वा गरिब सबैलाई हेर्ने नजर समभाव हुनुपर्छ। आर्थिक रूपमा विपन्न व्यक्ति दैलोमा आएको छ भने पनि उपचार गर्नुपर्छ।

अहिले स्वास्थ्यसेवा व्यापारीकरण हुन पुगेको छ। जसका कारण विपन्न व्यक्तिहरूलाई सेवा लिन सकस भइरहेको तीतो यथार्थ छ। कतिपयले उपचारकै लागि घरवास बेच्नु परेको अवस्था छ।

बिरामीसँग दोहोरो संवाद नगर्ने, कमिसन आउने प्रयोगशालामा पठाउने, अनावश्यक परीक्षण गर्न लगाउने, ज्ञान र सीपबिना उपचार गर्न तम्सनेजस्ता मालप्राक्टिसहरू भइरहेको भुक्तभोगीहरूको दु:खेसो छ। चिकित्सकले विज्ञताका आधारमा सेवा दिनुपर्छ।

विज्ञता नहेरी जस्तोसुकै बिरामीको उपचार गर्न खोज्ने प्रवृत्ति पनि मालप्राक्टिसभित्र पर्छ। कुनै अर्थोपेडिक सर्जनले निमोनिया वा पत्थरीको उपचार गर्न खोज्छ भने त्यो मालप्राक्टिस हो। स्वास्थ्यसेवा प्रदान गर्ने जोसुकै व्यक्तिले व्यक्तिगत वा संस्थागत हितलाई प्राथमिकता दिई सेवाग्राहीको अवस्थालाई नजरअन्दाज गर्नु नै मेडिकल मालप्राक्टिस हो।

स्वार्थ र क्षणिक प्रलोभनमा परेर उपचारको प्रक्रियागत मापदण्ड नपुर्‍याउनु पनि मेडिकल मालप्राक्टिस हो। जसबाट बिरामीलाई शारीरिक, मानसिक एवं आर्थिक क्षति व्यहोर्नु परेको हुन्छ। विज्ञताको आधारमा बिनास्वार्थ र भेदभाव बिरामीको उपचार गर्नु चिकित्सकको कर्तव्य हो। कर्तव्यच्युत हुनु मालप्राक्टिस हो।

केही दशकअघिसम्म विगतमा चिकित्सकहरू न्यून थिए। अहिलेजस्तो अस्वस्थ्य प्रतिस्पर्धा थिएन। धन कमाउने लालसा थिएन। मालप्राक्टिस हुँदैनथ्यो। सरकारी स्वास्थ्यसंस्था पनि सीमित मात्र थिए। चिकित्सकलाई देख्दा नै बिरामीले बाँच्ने आशा पलाउँथ्यो।

चिकित्सकले प्रेसक्राइब गरेको औषधि होस् वा शल्यक्रिया पछि रोग निको हुँदा बिरामीको अनुहारमा प्रसन्नता देखिन्थ्यो। चिकित्सकमा देउताको स्वरूप देख्थे। विगतमा छात्रवृत्तिमा अध्ययन गरेका चिकित्सकहरू मात्र थिए।

अहिले निजी मेडिकल कलेजको स्थापनासँगै चिकित्सक हुनेको संख्या ह्वात्तै बढेको छ। एमबीबीएस अध्ययन गर्दा मात्रै ५० लाखभन्दा बढी खर्च भइसकेको हुन्छ।

मध्यम वर्गको घरपरिवारमा सन्तानलाई चिकित्सा पेसा पढाउन घरखेत बिक्री गर्नुपर्ने बाध्यता छ। लाखौं ऋण गरेर पढेको विद्यार्थी चिकित्सक भएपछि स्वाभाविक रूपमा उठाउन थाल्छ। न्यून तलबले खान लाउन मात्र पुग्ने भएपछि मालप्राक्टिसतर्फ ध्यान दिन थाल्छ।

एमबीबीएस चिकित्सकमात्र होइन गाउँगाउँमा रहेका हेल्थ असिस्टेन्टले पनि मालप्राक्टिस गरिरहेको पाइन्छ। ज्ञान र सीपको अभावमा पनि

*बाँकी तेस्रो पृष्ठमा*

## स्वास्थ्यसेवामा...

जस्तोसुकै बिरामीको उपचार गर्न खोज्ने प्रवृत्ति देखिन्छ। निको पार्न नसकेपछि अन्यत्र रेफर गर्ने खालको मालप्राक्टिस पनि देखिएको छ।

मेडिकल मालप्राक्टिसको आयाम फराकिलो हुँदै गएको छ। वि.स. २०३२ सालमा चिकित्सकहरूको संख्या पुगनपुग तीन सय जति थियो। अहिले १३ हजारभन्दा बढी छन्। चिकित्सकहरूको संख्या बढेसँगै पेसागत विकृतिहरू छताछुल्ल हुन थालेको छ। उपचार गर्दा कमिसन लिने प्रवृत्ति व्याप्त छ। प्रयोगशाला, उपकरण, औषधिलगायतबाट पनि कमिसन लिने गरेको दृष्टान्तहरू सञ्चारमाध्यमबाट प्रकाशन तथा प्रसारण भएको पढ्न र सुन्न पाइन्छ ।

यो अक्षम्य मालप्राक्टिस हो। शल्यक्रिया गर्ने नपर्ने बिरामीलाई पनि शल्यक्रिया गरेको उदाहरणहरू छन्। अनावश्यक रूपमा एक्सरे वा एमआरआई गर्नुपर्नेलगायतका कार्य पनि मालप्राक्टिसभित्र पर्छन्। स्वास्थ्यसंस्थाले बिरामी ल्याई दिएबापत रिक्सा, एम्बुलेन्सका चालकहरूलाई कमिसन दिएका समाचारहरूसमेत प्रकाशन हुने गरेका छन् । यी सबै चिकित्सकीय अनैतिक कार्य अर्थात् मेडिकल मालप्राक्टिस हुन्। यी सबै मालप्राक्टिसको मार अन्ततः बिरामीलाई नै पर्छ।

आर्थिक रूपमा विपन्न परिवारमा जन्मेका मात्र होइन सम्पन्न परिवारमा जन्मेका चिकित्सकहरू मालप्राक्टिस गर्ने प्रवृत्ति रहेको छ। तर, नैतिकता र संस्कारमा हुर्केको चिकित्सकले भने मालप्राक्टिस गर्न हिचकिचाउँछ।

चिकित्सकलाई मेडिकल मालप्राक्टिस गर्न प्रेरित गर्ने कार्य परिवार, साथीभाइ, समाजबाट समेत हुने गरेको छ। कमाइ कति छ ? डाक्टर भएर पनि यति थोरै कमाइ ? जस्ता प्रश्नहरूले घेर्न थाल्दा चिकित्सकले विवेक गुमाउँछ। नैतिकतासँग हार्छ।

फुर्तिफार्ती गर्नका लागि मेडिकल मालप्राक्टिस गर्न थाल्छ। उपचार प्रक्रियाका आफ्ना बेफाइदाहरू छन् । प्रेसक्राइब गरिएका औषधिले साइड इफेक्ट पनि देखिन सक्छन्। त्यस्तै शल्यक्रियाका जटिलताहरू प्नि छन्। यी सबै पक्ष बिरामीलाई नबुझाई वा काउन्सिलिङ नगर्नु पनि मालप्राक्टिस हो। जसका कारण पनि स्वास्थ्यसंस्था तोडफोड हुने गरेका छन्।

मेडिकल मालप्राक्टिस नेपालजस्ता विकासोन्मुख मुलुकमा अधिक हुने गरेको छ। सरकारीभन्दा निजी क्षेत्रका स्वास्थ्यसंस्थामा मेडिकल मालप्राक्टिस अधिक हुने गर्छ। सरकारी चिकित्सकले आफू कार्यरत स्वास्थ्यसंस्थाको बाहिर प्रयोगशाला वा औषधि पसलमा पठाएर मालप्राक्टिस गर्न सक्छ। बिरामीको चाप बढेको अवस्थामा निजी क्लिनिकमा आउनुस् भन्दै मालप्राक्टिस गर्ने सम्भावना हुन्छ।

नेपालमै पनि सेवामा झन्डै ७० प्रतिशत योगदान निजी क्षेत्रले गरेको छ। यो सकारात्मक पक्ष हो। तर मेडिकल मालप्राक्टिस निजीमा भइरहेको बिरामीको गुनासो छ।

निजी अस्पतालले स्वास्थ्यसेवालाई व्यवसायका रूपमा मात्र हेरेर फाइदा उठाउने दृष्टिकोण राख्नु हुँदैन। स्वास्थ्यसंस्थाहरूले पनि सामाजिक उत्तरदायित्वको सिद्धान्तलाई अनुसरण गर्नुपर्छ। नीति र नियतमा खोट देखिनु हुँदैन।

नागरिक स्वस्थ र सक्रिय भए मात्र मुलुकले विकासमा फड्को मार्ने हो। सरकारले स्वास्थ्यसंस्थाहरूलाई आवश्यक निर्देशन दिनु जरुरी छ। मेडिकल मालप्राक्टिस रोक्ने दायित्व राज्यको हो। स्वास्थ्यसम्बन्धी पूर्वाधारको विकासबिना जनस्वास्थ्यको रक्षा हुन सक्दैन। गाउँगाउँमा सरकारी स्वास्थ्यसंस्थाको पूर्वाधार, दक्ष जनशक्ति र उपकरणको व्यवस्था नहुँदासम्म मेडिकल मालप्राक्टिस कायमै हुने सम्भावना हुन्छ। गाउँदेखि सहरसम्म देखा परेको मालप्राक्टिस रोक्ने सेवाग्राही स्वयं सचेत हुनुपर्छ। मालप्राक्टिस गर्ने चिकित्सकलाई कारबाहीको दायरामा ल्याउनुपर्छ। स्वास्थ्य मन्त्रालय, मेडिकल काउन्सिललगायत सरोकारवाला निकायले अनुगमन गर्ने, कारबाही गर्नुपर्छ। विकसित मुलुकमा स्वास्थ्य बिमा प्रभावकारी छ। तर, नेपालमा स्वास्थ्य बिमा प्रभावकारी हुन सकेको छैन। त्यसकारण पनि नेपालजस्ता विकासोन्मुख मुलुकमा मेडिकल मालप्राक्टिसको गुनासो रहने गरेको छ। त्यसैले उत्पादक, सेवाप्रदायक, नियामक र उपभोक्ताले आफ्नो कर्तव्य, दायित्व र स्वअनुशासन र आचारसंहिताका साथै नैतिकतालाई बिर्सनु हुँदैन।

प्राडा गुरुङ वरिष्ठ हाड तथा नसा रोग विशेषज्ञ हुन् ।

**साभार अन्नपूर्णपोष्ट्**

## मधेशका...

हाटबजारमा देखिने त्यस्ता तमासाई (चटके) जस्ता भए, जसले सुरुआतमा त कागजको हवाईजहाज उडाइदिने गफ दिएर मान्छेहरूलाई आफ्नो प्रभावमा पार्छ र अन्तमा सस्ता खाले दन्तमञ्जन बेचेर हिँड्छ ।

प्रचण्डले मधेशलाई वरेण्य र वाञ्छनीय शक्तिका रूपमा कहिल्यै लिएनन्, मधेशी-थारूहरू उनका लागि सत्ता र शक्ति आर्जनका सोपान मात्र रहे । उनको निर्णायकत्वमा दुई पटक संविधान बन्यो ।

अन्तरिम संविधान बन्दा उनी संघीयताका सन्दर्भमा मौन बसे । २०७२ को संविधान बन्दा मधेशको असन्तुष्टिप्रति उनी मुक द्रष्टा बनिरहे । मधेशी-थारूमाथि राज्यदमन भैराख्दा त्यसको 'मौन साक्षी' रहनुलाई उनको मजबुरी मान्न सकिँदैन ।

संघीयता र समावेशीकरणको अर्थ एवं आयामलाई संकुचित तुल्याउनेहरूमध्ये उनी पनि एक हुन् । संविधानसभाको दोस्रो निर्वाचनका बेला सिरहाको क्षेत्र नम्बर ५ बाट प्रचण्डले उम्मेदवारी दिनुलाई 'ब्रिलियन्ट' निर्णय मानिएको थियो ।

कुनै पनि राष्ट्रिय नेताको सबै क्षेत्रमा पहुँच र प्रतिनिधित्व हुनुपर्छ भन्ने हिसाबले त्यसको सराहना गरिएको थियो । उनले भनेका थिए, 'मधेशसँग मेरो लभ परेको छ । मेरो यो मायामा कहिल्यै कमी आउनेछैन ।' त्यो निर्वाचनमा काठमाडौंको क्षेत्र नम्बर १० मा पराजित भएका उनले सिरहाबाट जिते ।

तर उनले भुइँतहका मधेशीका भोगाइलाई न्यायिक आधारमा हेर्न सकेनन् । सवाल त्यसपश्चात् उनी चितवन वा गोरखा कहाँबाट चुनाव लडे, त्यो होइन; मूल प्रश्न हो– सीमान्तीकरणको प्रक्रिया रोक्न उनले के गरे ?

यस पटक पनि उनी नेपाली कांग्रेस नेतृत्वको गठबन्धनमा चुनाव लडे । उनले चाहेका भए प्रत्यक्षतर्फ मधेशी दलितलाई प्रतिस्पर्धामा ओराल्न सक्थे, पहाडबाट कुनै मधेशीलाई उम्मेदवार बनाउन सक्थे । उनले नयाँ लिक समातेनन् । मधेशका आँखामा उनी कांग्रेस-एमालेका नेताजस्तै भए ।

भारतलाई रिझाए मधेश त्यसै शान्त हुन्छ भन्ने बुझाइ प्रचण्डको मानसमा छैन भन्ने अवस्था छैन । रैथाने थारू, सन्थाल, मधेशीहरूको समस्या नेपालका अन्य वञ्चित समुदायको भन्दा मौलिक एवं पृथक् छ भन्ने तथ्यप्रति उनले बुझ पचाएका छन् ।

अहिले नै उनको सरकारले मधेशी-थारू लगायतका वञ्चित समुदायलाई अवसर दिने कुरा त छँदै छ, त्योभन्दा पनि उनले मधेशको ऋण चुक्ता गर्न चाहने हो भने टीकापुरलाई न्याय गर्नुपर्छ । संघीयता र समावेशीकरणमा इमानदार देखिनुपर्छ । नागरिकताबाट वञ्चित युवाहरूको संकट चुँडाल्नुपर्छ । संकटबाट मुक्त हुनका लागि पूर्वसर्त यही हो । नत्र प्रचण्ड तेस्रो वा चौथो पटक प्रधानमन्त्री बन्नुको औचित्य छैन ।

चुनावमा संघर्षरत शक्तिहरू के-कुन हैसियतका छन् भन्दा पनि तिनीहरूले बोकेको अभिभारा महत्त्वपूर्ण हुन्छ । मुलुकको मध्यमार्गी राजनीतिक स्पेस जोगाउन पनि तिनीहरूका कुरा सुनिनुपर्छ । कुनै बखत कांग्रेस र एमालेले सुनेनन्, त्यसैले माओवादीको उदय भयो । प्रचण्ड पनि यथास्थितिवादी रहिरहे भने भोलि अर्को परिवर्तनकारी शक्ति आउँछ । समय घर्किंदै छ । तर प्रचण्ड सुरुवालको इँजार बाँधनमै मस्त र व्यस्त छन् । आज प्रचण्डको दलभित्र मधेशी-थारूको आवाज को हो ?

मधेशबाट पछिल्ला वर्षहरूमा केकस्तालाई भित्र्याइएको छ ? मधेशको जातीय समीकरणभित्र खेल्न उनी कति चाख राख्छन् ? मधेशी-थारू कोणबाट उनी लिटमस टेस्टमा फेल भइसकेका छन् ।

यतिखेर उनले त्यस्तो परीक्षामा सर्वोत्कृष्ट अंक ल्याउने अभिलाषा राखिँदै छ, जसका लागि तयारी नै गरेका छैनन् । प्रचण्डले 'अबकी बार कुछ तो करेंगे' भनी कामना गर्नु ब्ल्यांक चेकमा हस्ताक्षर गरेर दिनुजस्तै हो ।साभार : कान्तिपुर

## नेपाल......

नसक्दा गुलाबी होऊन् या सोसियल डेमेक्र्याटिक वामपन्थीहरू, अस्थिर राजनीतिको सिकार हुने गरेका छन् । समष्टिमा, वामपन्थ र उदारपन्थ अर्थात् वाम र उदारवादीबीच के फरक छ भनेर नेपालका स्वघोषित वामपन्थीहरूले थाहा पाउन जरुरी छ । उदारवाद वामपन्थभन्दा संकुचनवाद (कन्जर्भेटिजम) सँग व्यावहारिक तथा सोचका हिसाबले एकदमै नजिक हुन्छ । राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक तथा नैतिक सोच निर्माणमा होस् या व्यवहारमा लागू गर्न, वामपन्थीहरूले सामूहिकताको हित हेर्ने सहभागिताको विकासका लागि सार्वजनिक बहस र त्यसपछि नीतिनिर्माणमा समेत निर्णायक सहभागितामूलक प्रतिनिधित्वको वकालत गर्छन् भने उदार दक्षिणपन्थीहरूले आफ्नो हितलाई शिरमा राखेर व्यक्तिको स्वतन्त्रताको जप गर्ने गर्छन् ।

उदारवादीहरूले सधैं पुँजीवादको पक्षपोषण गर्छन्, पुँजीवादी उत्पादन पद्धतिमार्फत गरिबी निवारण हुन्छ भन्ने तर्क गर्छन् ।

आम गरिबी, आम अशिक्षा वा बेरोजगारी र अस्वस्थता हटाउन राज्यको भूमिका हुनु हुँदैन भनेर वकालत गर्छन् । उनीहरू समाजवादका पक्षमा कहिल्यै उभिन्नन् ।

जबकि वामपन्थको मूल्य नै पुँजीवादविरुद्ध सतीसालझैं खडा हुनुमा, समाजवादका पक्षमा वकालत गर्नुमा हुने गर्छ । कथित उदारवादीहरू सधैं राष्ट्रवादको नारा लगाएर राष्ट्रिय राज्यको वकालत गर्न उभिन्छन् र पछि राष्ट्रिय हित गर्नबाट चिप्लिन्छन् । जबकि वामपन्थीहरू जहाँसुकैको भए पनि वर्गीय हितका पक्षमा, कडा संघर्षको समर्थनमा ऐक्यबद्धता जनाउँछन् ।

विश्वव्यापी रूपमा आजसम्मको कथित राष्ट्रवादको जगमा जातिवाद, नस्लवाद, नाजीवाद तथा फासीवाद हुर्कने गरेको इतिहास छ; एउटा जातिविरुद्ध वा धर्मविरुद्ध युद्ध उक्साउने गरिएको छ । जबकि वामपन्थले धर्मनिरपेक्षताको, अहस्तक्षेप र राष्ट्रहरूबीच सामाजिक न्याय तथा ऐक्यबद्धताको वकालत गर्छ ।

अवसरवादी नेपाली वामपन्थ

नेपालका राजनीतिक पार्टीहरूमध्ये पुरानो नेपाली कांग्रेसले २०१२ सालदेखि घोषित रूपमा आफूलाई प्रजातान्त्रिक समाजवादी अर्थात् उदार वामपन्थीका रूपमा चिनाउँदै आएको थियो ।

तर उसले समाजवादलाई न राजनीतिक रूपमा न त आर्थिक रूपमै कहिल्यै व्यवहारमा उतार्‍यो । सन् १९९० को परिवर्तनपछि ऊ पूर्ण रूपमा उदार बजारवादी भयो । भरखरै उसले छापेको चुनावी घोषणापत्र पढ्दा आधारभूत रूपमा ऊ नवउदारवादी बजार वा पपुलिस्ट दक्षिणपन्थभन्दा बाहिर छैन भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

त्यसै गरी, २००६ सालमा गठन भएको नेपाल कम्युनिस्ट आन्दोलनले सात दशकभन्दा बढी व्यतीत गरिसकेको छ । यसका विभिन्न चिराले २०४८ सालयता निरन्तरजसो नेपाली राजनीतिमा प्रभावशाली हस्तक्षेप गर्दै आएका छन्, सत्तारूढ र प्रमुख प्रतिपक्षी बन्दै आएका छन् । कहिले बहुमत त कहिले अल्पमतको सरकारको नेतृत्व गरेका छन् ।

तर माथि उल्लेख गरिएको सैद्धान्तिक-वैचारिक अवधारणा अनुरूप उनीहरू आफूलाई 'लाल वामपन्थ' (रेड कम्युनिस्ट) को के कुरा, 'गुलाबी वामपन्थ' (पिंक लेफ्टिजम) मा उभ्याउन पनि असमर्थ रहे । अर्को शब्दमा, वामपन्थ कहलाउनका लागि उनीहरूसँग न्यूनतम चरित्र वा कार्यक्रमिक गुण देखा परेन, चाहे ती वर्तमान राजनीतिको मूलधारमा रहेका एमाले र माओवादी केन्द्र होऊन् या अन्य हाँगाबिँगाका रूपमा उभिन संघर्षरत कथित कम्युनिस्टहरू ।

आफूलाई वामपन्थी भनेर नाक फुलाउने नेपाली राजनीतिक पार्टीहरूले स्थानीय तह, प्रदेश तथा संघमा सत्तारूढ हुँदा कामदार वर्गका मानिसहरूका हकहितमा, उत्पादनका साधनमा पहुँच पुर्‍याउनमा कुनै नयाँ पहल गरे त ?

भूमिसुधार र व्यवस्थापन तथा प्रगतिशील कर व्यवस्थापनका लागि संस्थागत पहल गरे त ? सार्वजनिक हितमा सस्तो र सुलभ यातायात तथा सञ्चारका माध्यमहरूको उचित व्यवस्थापन गरे त ?

स्तरीय शिक्षा र जीवनोपयोगी स्वास्थ्य सेवामा आम मानिसको नैसर्गिक हक-अधिकार स्थापित गर्न कुनै वैकल्पिक संस्थागत विकासको पहल गरे त ?

खाद्य सुरक्षासहित अन्य सामाजिक सुरक्षामा पहुँच पुर्‍याउन, स्थानीय पुँजी र प्रविधिको विकास गर्दै आम रोजगारीको सृजना र व्यवस्थापनका लागि जन्ड सुधारको संस्थागत परिपाटी बसाल्न बितेका २८ वर्षमा एकीकृत योजना निर्माण तथा संस्थागत व्यवस्थापनका लागि केही गरे त ? नेपालका स्वघोषित वाम पार्टीहरूले अनेक नारा जरुर लगाए तर कहिल्यै अभ्यासमा खरो उत्रिने कोसिससम्म गरेनन् ।

हामी सबैलाई थाहा छ, बुर्जुवा वर्गका लागि यस्ता सुधारहरूको अर्थ हुँदैन । उनीहरूलाई सम्पत्तिको स्रोत प्रकृति र मानव श्रम हो भन्ने थाहा छ । मानवीय श्रमबेगर प्राकृतिक स्रोत दोहन गर्न असम्भव हुन्छ भन्ने उनीहरू भलिभाँति जान्दछन् ।

उत्पादन कार्यमा मेसिन र जमिनको उपयुक्त उपयोग गर्न बौद्धिक तथा वैज्ञानिक अन्वेषण आवश्यक हुन्छ, जसले सामाजिक उत्पादकत्व वृद्धिमा सहयोग पुर्‍याउँछ ।

यही प्रक्रिया र प्रविधिले नै पुस्तौंपुस्ता जनतासँग सम्पत्ति वितरणका लागि विशेष पहल गरेर आम जीविकोपार्जनमा मद्दत पुर्‍याउँछ ।

तर प्रगतिशील शक्तिका नाममा सत्तामा पुगेका कथित वामपन्थीहरूले सामाजिक उत्पादकत्व वृद्धि गर्न, सहभागितामूलक उत्पादन पद्धतिको थालनी गर्न न योजना बनाए, न संरचना निर्माणमा पहल गरे न त यस्ता आम उपयोगी कार्यका लागि अनुसन्धान तथा नयाँ खोजको प्रबन्ध नै मिलाए । जनताबाट वा जनताका नाममा जम्मा भएको राष्ट्रिय ढुकुटीको दुरुपयोग मात्रै गरे ।

कथित बुर्जुवा पुँजीवादीहरूको जत्ति पनि अक्कल उनीहरूले विगतमा देखाएनन् । यो मिथ्या आरोप होइन, उनीहरू सत्तामा रहँदाका परिणामहरूको समीक्षा गर्दा यस्तै निष्कर्ष निस्किन्छ ।

आफूलाई वामपन्थी भन्ने पार्टीहरू मुख्यतः कर्पोरेट दुनियाँका व्यापारी र ठेकेदार तथा आफ्नो हित हेर्ने क्रोनिजहरूका कठपुतली बनिरहे । उनीहरूकै हितमा नियम-कानुन बनाए जसले मुलुकमा उत्पादक होइन पराश्रयी पुँजी निर्माण र पुँजी पलायनको क्रियाकलापलाई मार्गदर्शन गर्थे, सोही भूमिका निर्वाह गरिरहेका छन् ।

नेपाली जनताले त्यस्तो नकारात्मक भूमिका निर्वाह गर्ने वामपन्थ खोजेका थिएनन् । त्यस्तो उत्पादन पद्धति बसाउने, त्यस्तै वित्त व्यवस्थापन गर्ने र त्यस्तै अनियमित बजारलाई नै केन्द्र मान्नका लागि वामपन्थ चाहिँदैन । त्यो त हिजोका सामन्त र आजका पुँजीवादी पार्टीहरूले गरेकै थिए र आज पनि कुशलतापूर्वक गर्न सक्छन् ।

अन्तमा, नेपाली उदार वामपन्थ संकटबाट गुज्रिरहेको छ । अचेल, मानिसहरूले मतदाता सूचीमा नाम लेखाउन आवश्यक ठानिरहेका छैनन् । सूचीकृत मतदाताहरूमध्ये ४० प्रतिशत पनि मतदान केन्द्रसम्म नजानु वामपन्थका लागि झनै राम्रो संकेत होइन ।

त्यसमा पनि निर्वाचनपिच्छे लोकप्रिय मत खस्किनु आफैंमा राजनीतिक साख गुमाउँदै जानु हो । माथि उल्लेख गरिएझैं यति बेला सरकार बनाएका दलहरूसँग कुनै राजनीतिक मार्गचित्र देखिँदैन ।

दलहरूबीच कम्तीमा सैद्धान्तिक र नीतिगत स्पष्टता हुनुपर्छ । सहकार्य गर्ने दलहरूबीच कम्तीमा न्यूनतम सहमतिको कार्यक्रम आवश्यक पर्छ । न्यूनतम सहमतिको कार्यक्रम तयार पार्ने आधारभूत संरचनाहरूको संस्थागत परिपाटी तथा सामर्थ्य वृद्धि गर्नुपर्छ ।

असफलसिद्ध, निष्क्रिय संस्थाहरूलाई विस्थापित गरी समयसापेक्ष नयाँ निर्माण कसरी गर्ने भन्ने विषय हाल अति खट्केको छ । पुँजीगत खर्च प्रत्येक वर्ष कम हुँदै जानु, कुनै पनि परियोजना समयमा सम्पन्न नभएर महँगिनु, त्यसमाथि भ्रष्टाचार फैलिनु आफैंमा घोर अक्षमता हो । न्यूनतम सहमतिको कार्यक्रमबेगर सत्तासीन हुने परिपाटी आफैंमा अवसरवादी शक्तिहरूको गठजोड साबित हुनेछ ।

यस्तो सरकारले मुलुकका चुनौतीहरू समाधान गर्ने सम्भावना हुन्न । यद्यपि राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारसँग पूर्ण साँठगाँठ भएको भूमण्डलीय पुँजीवादले यस्तै कमजोर र कार्यक्रमविहीन गठबन्धनबाट बनेको सरकार रुचाउँछ, ताकि मुलुकको अर्थराजनीति पूर्ण रूपमा आफ्नो हैकम अनुसार चलाउन सकियोस् । यस्तो राजकाज किमार्थ वामपन्थ-उन्मुख हुन सक्दैन ।

वामपन्थका अगाडि देखिएका सैद्धान्तिक-व्यावहारिक चुनौतीहरूलाई निमिट्यान्न नपार्ने हो भने नेपाली वामपन्थको अवसानका लागि धेरै समय कुर्नुपर्दैन । ती चुनौती हटाउन चाहने हो भने वामपन्थी भनिन रुचाउने शक्ति र व्यक्तिहरूले नयाँ संस्कार र संस्कृति अपनाउनुपर्छ । सबैभन्दा पहिले त आफूभित्र पनि भिन्न वैकल्पिक विचार राख्ने मान्छे हुन्छन् भन्ने बुझ्न जरुरी हुन्छ र तिनको मतलाई सहज तरिकाले लिने वा सहने संस्कार बसाउनु जरुरी छ । दोस्रो, मानवीय मूल्य, ऐक्यबद्धता, आदर-सम्मान र भिन्न मतलाई सम्मान गर्ने परिपाटी विकास गर्न जरुरी छ । प्रकृतिको संरक्षणमा कुनै कसर बाँकी राखिनु हुन्न ।

अत्यधिक नाफा खोज्ने परिपाटीको अन्त्य गर्दै अनियमित बजारमाथि पूर्ण आत्मसमर्पण गरेर र बजारवादलाई नै निर्देशक सिद्धान्त मानेर वामपन्थी भइरहन सकिन्न भन्ने बुझ्न पनि जरुरी छ ।सभार इकान्तिपुर

## यात्रुबाट...

कार्यालयले राजस्व पनि पाउँछ । शिलबन्दीको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकाले इच्छुक संस्थाबाट १५ दिनभित्र गोप्य शिलबन्दी दरभाउपत्र आह्वान गरिएको हो ।

## वीरगञ्ज....

दायरामा ल्याउन जरिवाना छुट सुविधा असारसम्म लम्ब्याएको हो ।

यस्तै नगरपरिषदले आदर्शनगर रंगशालामा कार्यक्रम आयोजना गर्न लाग्ने शुल्क पनि संशोधन गरेको छ ।

विगतमा टिकट नलाग्ने कार्यक्रम निशुल्क हुने गरेकोमा अब भने प्रति दिन १ हजार रुपैयाँ सेवा शुल्क र सरसफाई वापत थप ५ सय रुपैयाँ सरसफाई शुल्क लाग्ने व्यवस्था थप भएको छ ।

स्टल बुकिङ सहितको टिकट लाग्ने कार्यक्रम रहेमा भने दैनिक ६ हजार रुपैयाँ सेवा शुल्क र २ हजार रुपैयाँ सरसफाई शुल्कको प्रावधान थपिएको छ ।

यस्तै औद्योगिक व्यापार मेला सहितको जादु सरकास आदि मनोरन्जनात्मक कार्यक्रम गरेमा भने दैनिक १५ हजार ५ सय सेवा शुल्क र २ हजार रुपैयाँ सरसफाइ शुल्क लाग्ने प्रावधान थपिएको छ ।

यस्तै परिषदले विनियोजन ऐन २०७९ मा चालु आर्थिक वर्षको बजेट ३ अर्ब ३३ करोड ६३ लाख २६ हजार रहेकोमा यसमा थप आम्दानीलाई स्वीकार गर्दै ४ अर्ब ७८ लाख ८३ हजार पुर्‍याएको छ ।

जसमा सडक बोर्ड तर्फ १ करोड ६५ लाख, आन्तरिक आय तर्फ २ करोड ६० लाख र गत वर्षको नगद मौज्दात ६२ करोड ९० लाख रहेकाले चालु बजेट बृद्धि हुन पुगेको हो ।

संसोधित आर्थिक ऐन प्रस्तुत गर्दै महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मिप्रसाद पौडेलले काम हुन नसकेका र आवश्यक रहेका केही कार्यक्रमहरुमा बजेट रकमान्तर गरिएको पनि जानकारी दिए ।

यस्तै महानगरपालिकाको आमसञ्चार माध्यम प्रवर्द्धन तथा नियमन समितिको ऐन २०७८ पनि संशोधन गरेको छ ।

नगर परिषदमा महानगरपालिकाका उपप्रमुख इम्तियाज आलमले न्यायिक समितिको प्रतिवेदन पेश गरेका थिए ।

महानगरप्रमुख राजेशमान सिंहको सभाध्यक्षमा भएको परिषदमा पेश भएका प्रतिवेदनहरु सर्वसम्मत पारित भएका हुन् ।

# बागमती प्रदेश सरकार गठनमा कांग्रेस पनि पहल गर्दै




मकवानपुर । बागमती प्रदेश सरकार गठनका विषयमा दलहरुले सक्रियता बढाएका छन् । गत बिहीबार सरकार गठनका लागि प्रदेश प्रमुखबाट आह्वान भएसँगै प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलहरु आन्तरिक छलफलमा जुटेका हुन् । बागमती प्रदेश प्रमुख यादवचन्द्र शर्माले पुस २४ गते अपराह्न ४ बजेसम्म सरकार निर्माणका लागि बहुमत सदस्यसहित दाबी पेस गर्न सूचना जारी गरेपछि दलहरु प्रदेश सरकार निर्माणको प्रक्रियाको छलफलमा जुटेका हुन् ।

प्रदेशसभामा मुख्य दलहरु सरकार गठनका विषयमा समीकरण बनाउन केन्द्रदेखि प्रदेशस्तरसम्म छलफल भइरहेको छ। सरकार गठनका विषयलाई लिएर प्रदेशसभाका दलका नेताहरु पार्टीका शीर्ष नेताहरुसँगको भेटघाट र छलफललाई तीब्रता दिएका छन् । बागमती प्रदेश सरकार गठनका विषयमा मुख्य ठुला दलका केन्द्रीय नेतृत्व पनि सक्रिय देखिएको छ ।

प्रदेशसभाको मुख्य दलहरु नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राप्रपा र नेकपा एकीकृत समाजवादीका शीर्ष नेतृत्व छलफलमा जुटेका हुन् ।

बागमती प्रदेशको सबैभन्दा ठुलो दल कांग्रेस पनि सरकार गठनका लागि सम्भावनाको खोजीमा जुटेको छ । केन्द्रीय सत्ता समीकरण विपरितको समीकरण निर्माण गरी सत्ता हत्याउने दाउमा कांग्रेस छ । सोही अनुसार कांग्रेसले छलफलसमेत अघि बढाएको छ ।

सत्ता गठबन्धनमा भागबण्डाको विवाद चलिरहेको अवस्थामा कांग्रेसको नजर फरक सत्ता समीकरण निर्माणमा केन्द्रित भएको हो। केन्द्रमा सात प्रदेशको प्रमुख पद बाँडफाँटमा असन्तुष्ट राप्रपासहित एकीकृत समाजवादीको साथ लिएर कांग्रेसले बागमती प्रदेशमा सरकार गठन गर्ने रणनीति बनाएको छ ।

सोही अनुसार कांग्रेसले राप्रपालाई प्रदेशको मुख्यमन्त्री बन्न अफर गरेको बुझिएको छ ।

कांग्रेस सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डिना'का अनुसार प्रदेश सरकार गठनबारे पार्टीले औपचारिक छलफल नगरेको तर अनौपचारिक रुपमा छलफल भएको बताइन्। उनले प्रदेशमा सरकार गठनका लागि कांग्रेसका सबै नेताले सक्रिय रुपमा भूमिका निर्वाह गरिरहेको उनको भनाइ छ ।

उनले केन्द्रको समीकरण अनुसार नै प्रदेशमा सरकार गठन गर्नु जरुरी नरहेकाले फरक समीकरणबाट पनि सरकार बनाउन कांग्रेस तयार रहेको बताइन् ।

'प्रदेश सरकार गठनका विषयमा अनौपचारिक छलफलहरु भएका छन् । केन्द्रमा जस्तो समीकरण छ, प्रदेशमा पनि त्यस्तै हुनुपर्छ भन्ने जरुरी हुँदैन । प्रदेशमा फरक समीकरणबाट पनि सरकार बनाउन सकिन्छ,' उनले भनिन्, 'सत्ता समीकरण निर्माणमा प्रदेशले आफ्नो भूमिका निर्वाह गर्न सक्नुपर्छ । प्रदेशका दलहरुले केन्द्र अनुसार भन्दा पनि आफू अनुकुल समीकरण बनाओस् भन्ने हाम्रो कुरा हो ।'

उनले केन्द्रमा एमाले, माओवादी केन्द्र र राप्रपाको समीकरणमा सरकार बनेको छ भन्दैमा प्रदेशमा पनि त्यही नै गर्नु पर्छ भन्ने अनिवार्य नरहेको बताइन् । बागमती प्रदेशमा कांग्रेस र एमाले अथवा कांग्रेस र माओवादी केन्द्र वा कांग्रेस, एकीकृत समाजवादी र राप्रपाको पनि सरकार बन्न सक्ने अवस्था रहेको उनको भनाइ छ ।

'प्रदेश सरकार गठनमा धेरै विकल्प छन् । त्यो विकल्पमा पनि प्रदेशका सांसदहरुले काम गर्नुपर्ने देखिन्छ,' उनले भनिन्, 'सोही अनुसार छलफल गर्नुपर्छ । हामी पनि त्यसै अनुसार प्रयासरत छौं ।

कांग्रेस अन्तिम समयसम्म पनि फरक समीकरण बनाउन पहल गर्ने पक्षमा छ,' उनले भनिन् ।

नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलको नेता बहादुर सिंह लामाले प्रदेश सरकार गठनमा थुप्रै सम्भावना बाँकी रहेकाले प्रदेशको ठुलो दलको हैसियतले कांग्रेसले अन्तिम समयसम्म पहल गर्ने बताए ।

प्रदेशमा सरकार गठनका लागि कांग्रेसले सबै मार्ग खुला गरेर छलफल गरिरहेको उनको भनाइ छ। सरकार गठनका विषयमा केन्द्रको समीकरण आफ्नो ठाउँमा राखेर प्रदेश अनुकुल समीकरण बनाउन सकिने उनले बताए ।

'यस प्रदेशमा माओवादी केन्द्र र कांग्रेस वा कांग्रेस र एमालेको गठबन्धनमा सहजै सरकार बन्न सक्छ भने कांग्रेस, राप्रपा र अन्य साना दलहरूसँगको गठबन्धनमा पनि सरकार बन्न सक्ने अवस्था छ,' उनले भने, 'केन्द्र कै समीकरण हुनुपर्छ भन्ने छैन । केन्द्रको समीकरण केन्द्रमा र प्रदेशको प्रदेशमै बनाउन सकिन्छ ।'यता बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री एवम् नेकपा एकीकृत समाजवादीका पोलिटव्यूरो सदस्य कृष्णप्रसाद शर्मा खनाल पनि प्रदेशस्तरको छलफलबाट सरकार गठन गर्नुपर्ने बताउँछन् । उनले प्रदेश सरकार गठनबारे केन्द्र र प्रदेशमा पनि केही छलफल भएको बताए ।

'सरकार गठनबारे हामीले केन्द्रदेखि प्रदेशमा पनि त्यस विषयमा छलफल गरेका छौं । केन्द्र कै समीकरणमा सरकार बन्ने अवस्था प्रवल छ । तर केन्द्रकै अनुसार हुनुपर्छ भन्ने छैन,' उनले भने, 'परिस्थिति अनुसारको निर्णय प्रदेशमा हुन्छ। उक्त परिस्थितिमा सत्ता समीकरण फरक पनि बन्न सक्छ ।'

यता सत्ता गठबन्धन दलहरु भने केन्द्रको समीकरण अनुसार नै सरकार गठन गर्न प्रयासरत छन् । सत्ता गठबन्धन दल एमाले, माओवादी केन्द्र र राप्रपाका नेताहरु केन्द्रभन्दा फरक समीकरण बनाउने पक्षमा देखिँदैनन् । राप्रपाका महामन्त्री एवम् बागमती प्रदेशसभा सदस्य भुवन पाठक सत्ता गठबन्धनबाट अलग भएर सरकार गठन हुने सम्भावना नरहेको बताए । फरक गठबन्धनको प्रस्ताव आए पनि त्यस विकल्पमा राप्रपा जान नहुने उनको भनाइ छ ।

# डिजिटल भुक्तानी संस्थामा पनि विदेशी लगानी गर्न पाइने




काठमाडौँ – अब डिजिटल भुक्तानीसम्बन्धी काम गर्ने संस्थाले पनि विदेशी लगानी भित्र्याउन पाउने भएका छन्। राष्ट्र बैंकले बिहीबारदेखि लागू गरेको 'भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थालाई प्रदान गरिने अनुमति नीति-२०७९' मार्फत राष्ट्र बैंकले ती संस्थामा पनि विदेशी लगानीको बाटो खोलेको हो ।

यसअघि भुक्तानीसम्बन्धी काम गर्ने संस्थामा विदेशी लगानीको व्यवस्था थिएन । यही कारण हाल सञ्चालनमा रहेका केही संस्थाले विदेशी लगानी ल्याउन अनुमति माग्दा पनि पाएका थिएनन्। अहिले कम्तीमा एक सञ्चालक विदेशी रहन पाउने गरी विदेशी लगानीको बाटो खोलिएको राष्ट्र बैंकले बताएको छ ।

'भुक्तानीसम्बन्धी कार्य गर्न अनुमतिका लागि निवेदन पेस गर्ने संस्था वा हाल अनुमतिपत्र प्राप्त संस्थाले यस बैंकको स्वीकृति लिई विदेशी फर्म, कम्पनी वा संस्थाबाट लगानी भित्र्याउन सक्नेछन्,' नीतिमा भनिएको छ, 'यस्तो लगानी रकम अनुमतिपत्र प्राप्त संस्थाको चुक्ता पुँजीको १५ प्रतिशतभन्दा अधिक हुनेछैन ।' राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीतिमार्फत भुक्तानीसम्बन्धी काम गर्ने अनुमति प्राप्त संस्था आपसमा गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने र यस्ता संस्थामा तोकिएको सीमासम्म वैदेशिक लगानी भित्र्याउनेलगायत अनुमतिसम्बन्धी विद्यमान नीतिगत व्यवस्था पुनरावलोकन गर्ने घोषणा गरेको थियो । सोही व्यवस्थाका आधारमा राष्ट्र बैंकले अनुमति नीति जारी गरेको हो ।

वैदेशिक लगानी भित्र्याउँदा नेपालको प्रचलित कानुनअनुसार सम्बन्धित निकायको स्वीकृति लिनुपर्ने भए सोसमेत लिनुपर्नेछ ।

वैदेशिक लगानी नेपालमा प्राप्त भएपछि त्यसको लेखांकन, लगानी तथा आर्जित रकम फिर्तालगायत अन्य प्रावधान विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ बमोजिम गर्नुपर्ने पनि नीतिमा उल्लेख छ ।

नीतिमार्फत राष्ट्र बैंकले भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाको चुक्ता पुँजी पनि वृद्धि गरेको छ । यसअनुसार भुक्तानी सेवा प्रदायक (भुक्तानी कार्डबाहेक अन्य उपकरण सञ्चालन गर्ने संस्था) को न्यूनतम चुक्ता पुँजी ५ करोड रुपैयाँ हुनुपर्नेछ । यसअघि यस्ता संस्थाको चुक्ता पुँजी न्यूनतम १ करोड रुपैयाँ थियो । भुक्तानी सेवा प्रदायक ( भुक्तानी कार्डसहित अन्य उपकरण सञ्चालन गर्ने संस्था) को न्यूनतम चुक्ता पुँजी न्यूनतम २५ करोड रुपैयाँ हुनुपर्नेछ । यसअघि यी संस्थाका लागि चुक्ता पुँजी न्यूनतम ५ करोड हुनुपर्ने व्यवस्था थियो ।

भुक्तानी प्रणाली सञ्चालकको न्यूनतम चुक्ता पुँजी २५ करोडबाट बढाएर ४० करोड रुपैयाँ बनाइएको छ । नेपालमा जारी भएको भुक्तानी उपकरणमार्फत नेपाल बाहिरसमेत भुक्तानी कारोबार हुने गरी सञ्चालन हुने भुक्तानी प्रणाली सञ्चालक संस्थाको चुक्ता पुँजी न्यूनतम ८० करोड रुपैयाँ तोकिएको छ । यसअघि यस्तो पुँजी न्यूनतम ४० करोड रुपैयाँ थियो । यो व्यवस्था लागू हुनुअघि सञ्चालनमा रहेका संस्थालाई तोकिएको पुँजी पुऱ्याउन २०८५ असारसम्म समय दिइएको छ । 'यो व्यवस्था लागू हुनुअघि राष्ट्र बैंकबाट अनुमतिपत्र लिएका संस्थाको हकमा तोकिएको न्यूनतम चुक्ता पुँजी २०८५ साल असार मसान्तसम्ममा कायम गरिसक्नुपर्नेछ,' नीतिमा भनिएको छ, 'बैंक तथा वित्तीय संस्था र विदेशमा स्थापना भई नेपालमा भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थालाई न्यूनतम चुक्ता पुँजीसम्बन्धी उपर्युक्त व्यवस्था लागू हुनेछैन ।'

नयाँ व्यवस्थाअनुसार भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाहरूलाई आपसमा गाभ्ने तथा प्राप्तिका (मर्जर तथा एक्विजिसन) लागि पनि बाटो खुलेको छ । 'भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाहरू बैंकको नीतिगत व्यवस्थाको अधीनमा रही एकआपसमा गाभ्न/गाभिन वा एक अर्को संस्थालाई प्राप्ति गर्न सक्नेछन्। यस सम्बन्धमा अन्य प्रक्रिया तोकिएको व्यवस्थाबमोजिम हुनेछ,' नीतिमा भनिएको छ ।

नीति जारी भएसँगै दुई वर्ष अघिदेखि बन्द रहेको भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाको लाइसेन्स वितरण राष्ट्र बैंकले खुला गरेको छ । राष्ट्र बैंकले आर्थिक वर्ष ०७७/७८ को मौद्रिक नीतिमार्फत यी संस्थाको नयाँ लाइसेन्स वितरण बन्द गरेको थियो ।

# भारतबाट हिँड्यो जीटूजीको रासायनिक मल



नयाँदिल्ली – लामो अवधिको तयारी र प्रतीक्षापछि भारतबाट नेपालका लागि पहिलो खेप युरिया मल बिहीबार कोलकाताबाट हिँडेको छ ।

सरकार-सरकार (जीटूजी) सम्झौताअन्तर्गत कृषि सामग्री कम्पनी लिमिटेडले किनेको ३० हजार टन मल ढुवानी सुरु भएको हो ।

२ हजार ५ सय १० टन युरिया बोकेको रेल ऱ्याक वीरगन्जका लागि हिँडिसकेको कम्पनीका महाप्रबन्धक राजेन्द्रबहादुर कार्कीले जनाए । कोलकातामा रहेका कार्कीले साता-दस दिनमा पहिलो खेपमा किनिएको मल नेपाल पुगिसक्ने उनको भनाइ छ । दुई देशका सरकारबीच मल खरिद बिक्रीका लागि गत वर्ष फागुनमै सम्झौता भएको थियो । यसअघि ग्लोबल टेन्डरबाट मात्रै मल किन्ने गरिएकामा पहिलो पटक जीटूजी प्रक्रियाबाट मल आपूर्ति थालिएको हो ।

दुई देशका सरकारबीच भएको सम्झौतापछि कृषि सामग्री कम्पनी लिमिटेड र भारतको राष्ट्रिय केमिकल फर्टिलाइजर (आरसीएफ) बीच साउनमा खरिद-बिक्रीसम्बन्धी आवश्यक सहमति (एमओयू) भएको हो । त्यसयता भारतबाट मल खरिदको प्रक्रिया थालिँदै आएको कार्कीले बताए । 'पहिलो पटक जीटूजीको प्रक्रिया गरिएकाले समय लागेको हो, कहिले हाम्रोतिर, कहिले भारततिर प्रक्रिया पूरा गर्दा समय लाग्न गयो,' उनले भने 'एक पटक थालनी भइसकेपछि आगामी दिनमा सहज हुनेछ ।'भारतीय कम्पनी आरसीएफले विराटनगर, वीरगन्ज र भैरहवाको सीमा क्षेत्रमा रहेका कृषि सामग्री कम्पनीको गोदामसम्म मल पुऱ्याउनेछ । सार्वजनिक खरिद ऐनका सबै प्रक्रिया पूरा गरेर ग्लोबल टेन्डरबाट मल खरिद गर्दा कम्तीमा ७ महिना लागेको कार्कीले बताए ।

छिटोका लागि जीटूजी प्रक्रिया नै आगामी दिनमा सहज देखिएको उनले उल्लेख गरे । ३० हजार टन खरिदका लागि ३ अर्ब २७ करोड नेपाली रुपैयाँ कम्पनीले खर्चिएको छ । आवश्यक करबाहेक प्रतिटन ६ सय ६७ डलर मूल्यमा भारतबाट मल किनिएको हो । कर थप्दा प्रतिटनको मूल्य ८ सय ९ डलर पुग्छ । ५० किलो युरियाको प्रतिबोराको खरिद मूल्य ५ हजार ३ सय रुपैयाँ पर्ने र किसानलाई उक्त बोरा ७ सय ५० रुपैयाँमा मात्रै बिक्री गरिने कार्कीले जानकारी दिए ।

अहिले भित्रिने युरियाले गहुँको सिजनलाई राहत हुनेछ । यसबाहेक ग्लोबल टेन्डरबाट ९० हजार टन मल खरिदको अर्डर भइसकेको र मलेसियाबाट केही दिनमा ढुवानी सुरु हुने महाप्रबन्धक कार्कीले बताए । भारतबाट ३० हजार टनको ढुवानी पूरा भएसँगै अर्को अर्डरको प्रक्रिया थालिने उनले जनाए ।

आगामी आर्थिक वर्षको बजेटबाट खरिद गरिने मलको टेन्डर प्रक्रियाका लागि कम्पनीले सरकारसँग स्वीकृति मागेको छ ।

'सार्वजनिक खरिद ऐनमा रहेका प्रावधानले समय धेरै लिन्छ, त्यही भएर अहिलेबाटै प्रक्रिया थाल्न सहमति मागेका हौं, त्यसो हुँदा साउनमै मल ल्याउन सकिन्छ,' कार्कीले भने, 'धानको सिजनमा किसानलाईं मलको सुनिश्चितता होस् भन्ने विभिन्न प्रयास गरिरहेका छौं ।' कम्पनीले यसै वर्ष पनि मल खरिदका लागि ७ अर्ब ७५ करोड थप रकम सरकारसँग मागेको छ । सबैतिरबाट समयमै काम भए आगामी वर्ष धानको सिजनमा मलको समस्या नहुने कार्कीको दाबी छ ।

भारतसँग भएको सम्झौताअनुसार ५ वर्षका लागि भारत आफूले तेस्रो मुलुकबाट किनेकै मूल्यमा नेपाललाई तोकिएको अनुपातमा मल दिनेछ । सम्झौताअनुसार पहिलो वर्ष १ लाख ५० हजार, दोस्रो वर्ष १ लाख ७० हजार, तेस्रो वर्ष १ लाख ९५ हजार, चौथो र पाँचौं वर्षमा २ लाख १० हजार टन मल नेपालले भारतसँग किन्न पाउनेछ ।

# पटेर्वासुगौलीमा सुरक्षीत विद्यालय पुन: संचालन सम्बन्धि विद्यालय स्तरीय कार्यशाला सम्पन्न



वीरगन्ज ,२२ पौष ।

पर्साको पटेर्वासुगौली गाउँपालिकामा सुरक्षीत विद्यालय पुन: संचालन सम्बन्धि विद्यालय स्तरीय कार्यशाला गोष्ठी कार्यक्रम आज सम्पन्न भएको छ ।

शिक्षा विकास निर्देशनालय मधेस प्रदेशको आयोजनामा नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सुगौली दा.प.को प्राङ्गणमा विद्यालय स्तरीय कार्यशाला गोष्ठी सम्पन्न भएको हो ।

गोष्ठीमा पटेर्वासुगौली गाउँपालिकाको १२ वटा सामुदायिक विद्यालयका प्रधानाध्यापक विद्यालय व्यवस्थापन समिती अध्यक्षहरु सहभागी भएका थिए ।पालिकाको शिक्षा राम्रो बनाउन तथा महामारी पछि सुरक्षित विद्यालय पुन: संचालन सम्बन्धी विद्यालय स्तरीय कार्यशाला गोष्ठी आयोजना गरिएको गोष्ठीका प्रशिक्षक मित्रदेव प्रसाद यादवले जानकारी दिए ।उनका अनुसार विद्यालयको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना बनाउन प्रमुख उदेश्यले यो तालिमको आयोजना गरिएको हो ।गोष्ठी कार्यक्रममा पालिकाका शिक्षा प्रमुख शम्भु साह र तालिम प्राप्त प्रधानाध्यापक श्याम घिमिरेले दिएका थिए ।गोष्ठी कार्यक्रम पालिकाको शिक्षा शाखा प्रमुख साहको अध्यक्षता सम्पन भएको थियो ।